apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्षः १२ ● अंकः १०९ ● पृष्ठः ४ ● २४ वैशाख २०८३ विहीबार (07 May 2026. Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/




मधेशका करार कर्मचारीदेखि नाम मात्रका नगरपालिकासम्मलाई सरकारको डण्डा !

समाचार पृष्ठ ३


# २८ महिनादेखि अलपत्र सार्वजनिक जग्गा संरक्षण

## आदेश कागजमै सीमित, गोलबजारमा सार्वजनिक सम्पत्ति अतिक्रमणको जोखिम बढ्दो

**शुभ नारायण कामती**
**सिरहा, वैशाख २३ गते**

सार्वजनिक तथा संस्थागत जग्गा संरक्षणमा देखिएको ढिलासुस्तीका कारण सिरहाको गोलबजार क्षेत्रमा गम्भीर प्रश्न उठेको छ। झण्डै २८ महिनाअघि दर्ता गरिएको निवेदनमा तोक आदेश भइसके पनि कार्यान्वयन हुन नसक्दा स्थानीय तहप्रति जनआक्रोश बढ्दै गएको छ।

गोलबजार नगरपालिका-९ का निवर्तमान वडा अध्यक्षसमेत रहेका राम पुकार कामतीको निवेदकका अनुसार साविकदेखि सार्वजनिक तथा संस्थागत प्रयोजनमा प्रयोग हुँदै आएको जग्गा अतिक्रमणको जोखिममा रहेपछि संरक्षणको माग गर्दै निवेदन दर्ता गरिएको थियो। तर, लामो समय बितिसक्दा पनि सम्बन्धित निकायले प्रभावकारी पहल नगरेको गुनासो गरिएको छ।




निवेदनमा उल्लेख गरिएअनुसार कि.न. ४२० नम्बरको जग्गा भने वन कार्यालयमार्फत आंशिक रूपमा संरक्षण गरिएको देखिन्छ। तर, पालिकाकै स्वामित्वमा पर्ने "८ क" अन्तर्गतको कि.न. ३ र "७ ख" अन्तर्गतको कि.न. २४९ नम्बरका जग्गा अझै संरक्षणको दायरामा नआएको निवर्तमान वडा अध्यक्ष राम पुकार कामतीले बताए।

स्थानीयवासीहरूका अनुसार यस्ता सार्वजनिक सम्पत्ति लामो समयसम्म संरक्षणविहीन रहँदा अतिक्रमणको जोखिम बढ्दै गएको छ। "एउटा जग्गा जोगिन्छ, अर्को बेवास्ता हुन्छ—यसले प्राथमिकता र नियतमाथि नै प्रश्न उठाउँछ।"

नापी कार्यालय सिरहा सूचना अधिकारी दिपेन्द्र कुमार यादवका अनुसार चन्द्रोदयपुर "८क" अन्तर्गतको कि.न. ३ र "७ ख" अन्तर्गतको कि.न. २४९ नापी कार्यालयको फिल्डबुक रेकर्डमा बनबुटान रहेको छ।

"हामीले आवश्यक प्राविधिक सहयोग र अभिलेख उपलब्ध गराउने काम गर्छौं। तर, जग्गा संरक्षण, घेराबार वा अतिक्रमण हटाउने कार्य कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तह र प्रशासनको हुन्छ," ती अधिकारीले भने।

गोलबजार नगरपालिका नगर प्रमुख श्याम कुमार श्रेष्ठले स्वीकार गर्दै आवश्यक प्रक्रिया अघि बढिरहेको दाबी गरेका छन्। जेनजी आन्दोलनको क्रममा फाइल जलेकोले ढिलाइ भएको छ, तर अब छिट्टै स्थलगत अध्ययन गरेर आवश्यक निर्णय लिइन्छ," उनले बताए।

स्थानीय स्रोतका अनुसार निकायबीच समन्वय अभाव, प्राथमिकता निर्धारणमा अस्पष्टता, प्रशासनिक ढिलासुस्ती, अनुगमन कमजोर कारणले सार्वजनिक सम्पत्ति संरक्षणको काम प्रभावकारी हुन नसकेको देखिन्छ। बाँकी पृष्ठ ३

# हुलाकी सडकमा पर्ने कमला नदीमा सर्वसाधारणलाई कष्ट



**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २३ गते**


हुलाकी सडक अन्तर्गत सिरहा धनुषा जोड्ने कमला नदीमा पुलको पुनर्निर्माण भइरहँदा सामान्य वर्षामा पनि सर्वसाधारण वारपार गर्न कष्ट झेल्न बाध्य छन्। निर्माण व्यवसायी कम्पनीले पुलको पुनर्निर्माणका लागि सामान ओसारपोसार गर्न र सर्वसाधारणको आवागमन सहजताका लागि बनाएको बालुवाको अस्थायी डाइभर्सन पटक-पटक वर्षाले बगाउँदा स्थानीय सर्वसाधारण कष्ट झेल्न बाध्य भएका हुन्।

सामान्य वर्षाको बाढीले डाइभर्सन बगाउँदा गत शनिबार अवरुद्ध रहेको आवागमन करिब २४ घण्टापछि भोलिपल्ट आइतबार साँझदेखि नियमित गरिएको थियो। त्यस अवधिमा हलुका सवारीसाधन, मोटरसाइकल न पारि जान सके न त वारि नै आउन। तर, बाढी हुँदाहुँदै कतिपय सर्वसाधारण जोखिम मोलेर भए पनि पानीमा हेलिएर वारपार भएका थिए।

पुनर्निर्माण भइरहेको क्षतिग्रस्त पुलको पूर्वी भागबाट बनाइएको अस्थायी डाइभर्सन धनुषातर्फको तेस्रो पायानजिकबाट आएको बाढीले बगाउँदा सोमबार साँझ पनि आवागमन प्रभावित भएको

बाँकी पृष्ठ ४

# सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण हटाउन सिरहा प्रशासनको निर्देशन




**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २३ गते**

जिल्ला प्रशासन कार्यालय सिरहाले सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण र अतिक्रमण हटाउने विषयमा कडा निर्देशन जारी गरेको छ।

नेपाल सरकार मन्त्रिपरिषद्को २०८२ चैत १३ गतेको निर्णयअनुसार जारी सूचनामा जिल्लाभित्र रहेका सार्वजनिक तथा सरकारी जग्गामा गरिएको अतिक्रमण हटाउन आवश्यक प्रक्रिया अघि बढाउन सबै सम्बन्धित निकायलाई आग्रह गरिएको छ।

प्रशासनले सार्वजनिक जग्गामा बसोबास गरिरहेका व्यक्तिहरूको पहिचान स्थानीय तहबाट यथार्थपरक रूपमा गर्नुपर्ने उल्लेख गरेको छ।

बाँकी पृष्ठ २

– मधेश राजनीति –

# मन्त्रीको बार्गेनिङले मुख्यमन्त्री यादवको ५ महिनामै धरापमा

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, वैशाख २३ गते**

ठूलो दलको हैसियतमा बनेका नेकपा एमाले नेतृत्वको सरकारलाई ढालेर बनेको नेपाली कांग्रेस नेतृत्वको मधेश प्रदेश सरकारको ६ महिना नपुग्दै पुनः ढल्ने अवस्थामा पुगेको छ। गत मंसिरमा सात दलका ७७ जना सांसदको समर्थनमा बनेको कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद यादव नेतृत्वको सरकारलाई गठबन्धन दलहरूले नै समर्थन फिर्ता लिन थालेपछि प्रदेश सरकार ढल्ने अवस्थामा पुगेको हो।




आर्थिक वर्षको अन्त्यतिर गठबन्धन दलहरूबीच तालमेल नहुँदा यादव नेतृत्वको सरकारभित्र सरकार परिवर्तनको खेल सुरु भएको हो। त्यसको औपचारिक सुरुवात सरकारमा सहयोगी दल जनमतले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि सुरु भएको हो। जनमत पार्टीका प्रमुख सचेतक चन्दन सिंहले सरकारलाई दिएको समर्थन फिर्ता लिएको भन्दै सोमबार अबेर साँझ १० जना सांसदको हस्ताक्षरसहित प्रदेश प्रमुख कार्यालयमा पत्र बुझाएका थिए।

जनमतले समर्थन फिर्ता लिए पनि मुख्यमन्त्री यादवसँग सरकारका लागि अहिले पर्याप्त बहुमत छ। मुख्यमन्त्री यादव काठमाडौंमै रहेको बेला जनमतका प्रमुख सचेतक सिंहले प्रदेश प्रमुख कार्यालयमा समर्थन फिर्तासम्बन्धी पत्र पठाएका थिए।

सचेतक सिंहले ११ वैशाखमा दलको बैठकले विगत चार महिनादेखि मधेश सरकारले सन्तोषजनक काम गर्न नसकेको निष्कर्ष निकाल्दै समर्थन फिर्ता लिने निर्णय गरेको बताए। यद्यपि, उक्त निर्णय बैठक बसेको ११ दिनपछि मात्र सार्वजनिक गरिएसँगै जनमत पार्टीभित्र पनि विवाद बढेको छ।

जनमत पार्टीका संसदीय दलका नेता तथा प्रदेश सरकारका अर्थमन्त्री महेशप्रसाद यादवले आफूलाई जानकारी नै नदिई प्रमुख सचेतकको नेतृत्वमा निर्णय गरिएको भन्दै आपत्ति जनाए। १० जना सांसद सहभागी भएको बैठक कानुनी रूपमा वैध नभएको र पार्टी विधानअनुसार प्रमुख सचेतकलाई यस्तो निर्णय गर्ने अधिकार नभएको उनले दाबी गरे।

मन्त्री यादवले भने, 'जनमत पार्टीले मधेश सरकारलाई दिएको समर्थन यथावत् छ। पार्टीभित्र केही विवाद भए पनि चाँडै समाधान

बाँकी पृष्ठ ३




# शुल्क नबुझाई वर्षौंदेखि प्रयोगमा रहेका सरकारी जग्गा खाली गर्न सरकारको निर्देशन

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २३ गते**

सरकारले शुल्क नबुझाई वर्षौंदेखि प्रयोगमा रहेका सरकारी जग्गा खाली गर्न निर्देशन दिएको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भोगाधिकारमा लिइएका जग्गा र त्यसमाथि निर्माण गरिएका संरचना तत्काल खाली गर्न सम्बन्धित व्यक्ति, संस्था तथा निकायलाई निर्देशन दिएको हो।



मन्त्रालयका अनुसार सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ (दोस्रो संशोधनसहित) को दफा २१ को उपदफा (२) बमोजिम साविकमा भोगाधिकार प्राप्त गरेका पक्षलाई उक्त जग्गा लिजमा परिणत गर्न ६ महिनाको समय दिइएको थियो।

बाँकी पृष्ठ ४

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

### प्रदेशको भाषा टुंगो लगाउ

मधेश प्रदेशमा जनप्रतिनिधिहरूले आफ्नै मातृभाषामा शपथ लिने गरेको छ। संविधान जारी भएपछि भएको पहिलो मधेश प्रदेश सरकारको गठनदेखि दोस्रो प्रदेश सरकार गठनसम्म आईपुग्दा आफूलाई सहज हुनेगरी भाषामा सपथ लिने गर्छ। प्रदेश सभामा पनि प्रदेश सांसदहरुले आफ्नो मातृभाषामा पनि सपथ लिएका थिए । पहिलो र दोस्रो प्रदेश सभामा देखिएको दृश्य नै हो । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले बज्जिका भाषामा, अर्थमन्त्री महेश यादव र सभामुख रामअशिष यादवले मैथिली भाषामा शपथ लिए । यो औपचारिकता मात्र होइन । भाषिक पहिचान र सांस्कृतिक सम्मानको रुपमा बुझ्न सकिन्छ। तर विडम्बना के छ भने, यस्ता प्रतीकात्मक कदमहरू वास्तविक कार्यान्वयनमा रूपान्तरण हुन सकेका छैनन्। नागरिकले आफ्नो दैनिक जीवनमा उपयोग गरेको भाषालाई प्रशासनिक कामकाजमा उपयोग होस् भन्ने पनि चाहेको छ। आफ्नै मातृभाषा प्रयोग गर्न पाउने नागरिकको अपेक्षा अझै पूरा हुन सकेको छैन ।

नेपालको संविधानले स्पष्ट रूपमा प्रदेशहरूलाई नेपाली भाषाका अतिरिक्त बहुसंख्यकले बोल्ने एक वा एकभन्दा बढी भाषालाई कामकाजी भाषा बनाउन सक्ने अधिकार दिएको छ। मधेश प्रदेशमा मैथिली, भोजपुरी, बज्जिका, थारु लगायतका भाषाहरू व्यापक रूपमा बोलिन्छन्। तसर्थ, यहाँका नागरिकलाई आफ्नै भाषामा सरकारी सेवा पाउने अधिकार केवल संवैधानिक प्रावधान मात्र होइन। व्यवहारिक रुपमा आवश्यक रहेको छ। भाषालाई सञ्चारको माध्यमको रुपमा मात्र बुझ्नु हुँदैन, यसलाई पहिचान, पहुँच र समानताको आधारस्तम्भको रुपमा बुझ्न पनि जरुरी देखिएको छ। तर प्रदेश सरकारले अझैसम्म सरकारी कामकाजको भाषा निर्धारण गर्ने ऐन नै ल्याउन सकेको छैन्। संघीय संरचनामा प्रवेश गरेपछि दोस्रो कार्यकालसमेत बित्न लाग्दा यस्तो आधारभूत विषयमा निर्णय नहुनु गम्भीर लापरवाही हो। यस विषयमा उच्च अदालत जनकपुरले निर्देशनात्मक आदेश पनि जारी गरिसकेको छ। यसले प्रदेश सरकारको प्राथमिकता र प्रतिबद्धतामाथि पनि प्रश्न उठाएको छ।

भाषिक अधिकारको उपभोग नपाउँदा नागरिकहरू सरकारी सेवाबाट विमुख हुने जोखिम रहन्छ। विशेषगरी ग्रामीण तथा सीमान्तकृत समुदायका लागि भाषा अवरोध ठूलो समस्या हो। यदि उनीहरूले आफ्नै भाषामा निवेदन दिन, जानकारी लिन वा न्याय माग्न नपाउने हो भने संघीयताको मर्म नै कमजोर हुन्छ। अब मधेश प्रदेश सरकारले यस विषयमा कुनैपनि रुपमा ढिलाइ नगरी कामकाजी भाषा सम्बन्धी ऐन ल्याउनुपर्छ। ऐन बनाउने मात्र होइन, त्यसको प्रभावकारी कार्यान्वयनका लागि प्रशासनिक संरचना, जनशक्ति र स्रोतसाधनको व्यवस्था पनि गर्नुपर्छ। बहुभाषिक सेवा प्रणाली विकास गरी नागरिकलाई सहज पहुँच सुनिश्चित गर्नु आवश्यक छ। मातृभाषामा शपथ लिनु र त्यसलाई व्यवहारमा रूपान्तरण गर्नुपर्छ। मधेश प्रदेशले भाषिक समावेशिताको उदाहरण प्रस्तुत गर्ने अवसर पनि रहेको छ। त्यसैले अब प्रतीकात्मकताबाट अघि बढेर नीतिगत र व्यवहारिक कदम चाल्ने समय आएको छ। प्रदेश सरकारले भाषाको विषयलाई तत्काल टुंगोमा पुर्याउन जरुरी छ। जसले गर्दा मधेशको सरकारी कामकाजी भाषाको पनि सुनिश्चितता तय हुन्छ। कुनैपनि वहाना नबनाएर प्रदेश सरकार, प्रदेश सभाले यसलाई ऐन बनाएर लागू गर्नुपर्छ।

### सरकारी तथा सार्वजनिक जग्गा ...............

वास्तविक सुकुमवासीको पहिचान भएपछि उनीहरूलाई सुरक्षित आवास, स्वास्थ्य, खाद्य तथा अन्य आधारभूत सुविधासहित वैकल्पिक व्यवस्थापन गरिने जिल्ला प्रशासन कार्यालय सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

यस्तै, अतिक्रमण हटाउने कार्य अघि बढाउँदा आवश्यक सुरक्षा प्रबन्ध मिलाइने र जिल्ला सुरक्षा समितिको समन्वयमा योजना कार्यान्वयन गरिने सूचनामा उल्लेख छ। यसका लागि स्थानीय तह, सुरक्षा निकाय तथा सम्बन्धित सरोकारवालाबीच समन्वय गरी कार्य अगाडि बढाइने बताइएको छ।

अतिक्रमण हटाउने कार्यको विस्तृत जानकारी आम नागरिकलाई उपलब्ध गराउने र जिल्लाका सबै स्थानीय तहसँग समन्वय बैठक गरी साझा रणनीति तय गरिने पनि प्रशासनले जनाएको छ।

जिल्ला प्रशासन कार्यालयले कसैलाई पनि असुरक्षित रूपमा विस्थापित नगरी सुरक्षित तथा व्यवस्थित पुनर्स्थापनाको व्यवस्था गरिने स्पष्ट पारेको छ। साथै, यस अभियान सफल बनाउन सबै सरोकारवाला र सर्वसाधारणलाई सहयोग गर्न आग्रह गरिएको छ।

# बालेनको मौन सक्रियता: परम्परागत दलहरूलाई गम्भीर शिक्षा



✍ शरद रिजाल

### बालेनबाट सिक्नुपर्ने पाठ !

हालैको निर्वाचन परिणामले नेपाली राजनीतिको भाष्य नै बदलिदिएको छ । पुस्तान्तरण आरम्भगर्दै अमूर्त भाषणको अन्त्य र व्यावहारिक कार्यशैलीमा कायापलट ल्याएको छ । त्यसकै एक बिम्बको रुपमा बालेनले प्रधानमन्त्रीको कार्यभार सम्हालेर उनको पृथक् कार्यशैलीले नेपाली राजनीतिको परम्परागत मूल्य मान्यताकै पुनर्परिभाषित गरेको छ ।



निकै अप्रत्याशित र छलाङमय तरिकाले राष्ट्रिय राजनीतिमा उदाएका प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)को कार्यशैलीले परम्परागत दल र त्यसका नेताहरूलाई झस्क्याएको छ। गत चैत १३ गते प्रधानमन्त्रीमा नियुक्त भएका बालेनले अहिलेसम्म सार्वजनिक अभिव्यक्ति दिएका छैनन् । उनले नबोलैरै आफ्नो कामलाई धमाधम अघि बढाएका छन् । गत चैत २६ गते नेपाली सेनाका अधिकृतहरूको दीक्षान्त समारोहमा सैनिक अधिकृतहरूलाई सम्बोधन गर्ने बाहेक अन्य कुनै पनि सार्वजनिक कार्यक्रममा उनी सहभागीसमेत भएका छैनन्।

यसअघि मुलुकमा राजनीतिक दलका नेताहरूको भाषणले जनताको कानै दुख्यो। सार्वजनिक समारोहमा भाषणका लागि तँछाडमछाड गर्ने प्रवृत्तिका विरुद्ध मौन रूपमा काम गर्ने बालेनको कार्यशैलीले धेरैलाई अचम्मित तुल्याएको छ।

हेर्दा सामान्य लाग्ने यो शैली परम्परागत शासकीय प्रवृत्ति एवं मान्यतालाई परास्त गर्ने पृथक् शैली हो। यसले काम नगरी भाषणबाजी मात्र गर्दै जनतालाई झुटको पुलिन्दा बाँडेर आश्वासनको राजनीति गर्नेहरूप्रति लाक्षणिकरुपमा कटाक्ष पनि हो।

विगतमा भाषणमा घरघरमा ग्यासको पाइप पुर्‍याउनेदेखि जनतालाई उल्लु बनाउने काम गरिँदै आइएको थियो। जनताका समस्या सम्बोधन गर्नुको साटो लुट र भ्रष्टाचारमा सत्तासीनहरू लिप्त थिए। तर, प्रधानमन्त्री बालेनले भने यस विपरीत भाषणमा समय खर्च नगरी तदारुकताका साथ सुधारउन्मुख कदम अघि बढाएका छन् । यो परम्परागत दलहरूको भाषणमुखी क्रियाकलाप्रति व्यङ्ग्यात्मक प्रहार पनि हो।

प्रधानमन्त्री बालेनले शासकीय सुधारका लागि अध्यादेशमार्फत प्रभावकारी कदम चालेका छन् । राजनीतिक दलको आशीर्वाद लिएर राजनीतिक नियुक्ति लिएकादेखि सरकारी जग्गा हडपेर बसेकाहरूलाई हटाउने कानुनी प्रबन्ध मिलाएर सुशासनको यात्रा आरम्भ गरेका छन्। उनको यस कदम दलीय कारिन्दालाई अस्वीकार्य भए पनि यो सुशासनका लागि सकारात्मक पहलकदमी हो।

अहिलेसम्म उनले संसदमा समेत एकपटक पनि सम्बोधन गरका छैनन्। यस बारे अनेकौं टिप्पणी गरे पनि उनलाई त्यसको कुनै परवाह छैन । उनी आफ्नो सुशासनको मिसनमा दत्तचित्त भएर लागेका छन्। सचेत नागरिकले पनि बोल्ने नेताबाट आजित भएर काम गर्ने नेतृत्व खोजेका थिए। त्यही जनभावना बुझेका बालेनले सोहीअनुसार नबोलैरै सुशासनको पक्षमा सकारात्मक कदम चालेका हुन्।

उपत्यकासहित देशभरका अतिक्रमित सार्वजनिक जग्गा खाली गराउने उनको अग्रसरता प्रशंसनीय छ। वर्षौंदेखि भाडा नतिरेर सार्वजनिक जग्गा उपभोग गर्दै आएकाहरूलाई कानुन बमोजिम भाडा तिर्न ताकेता गर्दै ती संरचनामा ताला लगाउन निर्देशित गरेका छन्। विगतदेखिका शासकले गर्न नसकेका यी काम हेर्दा सामान्य लागेपनि दुरगामी महत्वको छ। यसले मुलुकमा कानुनी राज्यको छनक दिँदै बलियो सरकार भएको आभास दिलाएको छ।

सरकारी कार्यालयमा बिचौलिया राजको अन्त्य भएको छ। मुलुकको गरिमा कायम राख्ने राजदूत लगायतका कूटनीतिक पदमा दलीय भागबन्डा अन्त्य गरिँदै छ। सरकारी कामकाजमा झन्झटिलो कागजी प्रक्रिया अन्त्य गरी प्रविधिमैत्री बनाउने प्रक्रिया सुरु भएको छ। जनताले दैनिक सरकारी कामकाजमै बालेन सरकारको प्रत्यक्ष अनुभूति गर्न थालेका छन् । यस्तै दैनिक जीवनमै सहजता प्रदान गर्ने सरकार जनताले खोजेका हुन् । आश्वासनको भाषण छाँटेर केही नगर्ने भन्दा नबोलैरै काम गर्ने सरकारप्रति जनता खुसी देखिन्छन्।

विदेशी नियोगका कर्मचारीदेखि राजदूतसम्म प्रधानमन्त्री निवास बालुवाटार पुगेर गोप्य भेटघाट गर्ने परम्परागत प्रचलनलाई उनले बन्देज लगाएका छन् । राजदूतहरूसँग सामूहिक भेट गर्ने वातावरण मिलाएर मुलुककै कूटनीतिक मर्यादा बढोत्तरी गरेका छन्। अन्य विदेशी पदाधिकारीलाई परराष्ट्रमन्त्रीले नै भेट गर्ने थिति बसाउँदै प्रधानमन्त्रीसँग सहजै भेट गर्ने विगतदेखिकै गलत परम्परा तोडेका छन्।

यसरी प्रधानमन्त्री बालेनका यिनै सुशासनउन्मुख सकारात्मक सूचकले जनमानसमा आशा जागेको छ । उनको यस कदमले विगतदेखिको दलतन्त्र र त्यसको आडमा मौलाएको राजनीतिक एवं प्रशासनिक क्षेत्रको मनोमानी अन्त्य गर्ने संकेत गरेको छ। यसले आगामी दिनमा मुलुकको राजनीति उचित र सकारात्मक दिशानिर्देश गर्ने अपेक्षा गरिएको छ।

बालेनको कतिपय स्वभाव र प्रस्तुति आलोचनात्मक खालका नभएका होइनन्। उनी मन्त्रिपरिषद्को बैठकमा उपस्थित हुँदाको अनौपचारिक पोसाक प्रधानमन्त्रीका लागि शोभनीय छैन । राष्ट्रको प्रतिनिधित्व गर्ने कार्यकारी प्रमुखले मन्त्रिपरिषद् बैठकमा औपचारिक तथा मर्यादित तवरले प्रस्तुत हुनुपर्छ। मुलुकको कार्यकारी प्रमुखले राष्ट्रिय पोसाकमा आफूलाई प्रस्तुत गर्न जरुरी छ । यसबाहेक उनका अन्य कदम भने सह्रानीय छन्।

बालेनको राजनीतक उदय परम्परागत दलहरूकै अक्षमताकै जगमा निर्मित हो । गत स्थानीय निर्वाचनमा काठमाडौं महानगरको मेयरमै परम्परागत दलको गठबन्धनलाई पराजित गर्दै स्वतन्त्ररुपमै जित हात पारेर उनको राजनीतिक उदय भएको थियो । बालेनको त्यो जित फगत मेयरको जित मात्रै नभएर परम्परागत दलको आधिपत्य जनस्तरबाटै अस्वीकार्यको पूर्वसंकेत थियो। सांगठनिक बलमा पार्टी सदस्यको दम्भ प्रदर्शन गर्दै नेपाली राजनीतिमा दलीय आधिपत्य लाद्ने परम्परागत दल विरुद्ध जनस्तरबाटै बालेनमार्फत विद्रोहको शंखघोष थियो।

त्यो मौन विद्रोहलाई समयमै बुझ्न नसक्दा शासकीय दम्भका कारण जेनजी विद्रोहले दलहरू लखेटिनुपर्यो भने गत फागुन २१ को निर्वाचनबाट लज्जास्पद पराजय ब्यहोर्ने स्थिति निम्तियो । यो नेपाली राजनीतिमा दलीयता विरुद्धको बालेन विद्रोहलाई बुझ्न नसक्दाकै दुष्परिणाम हो।

बालेन मेयर हुँदै प्रधानमन्त्री हुनु उनको राजनीतिक उदय मात्रै नभएर नेपाली राजनीतिमा नयाँ युगको सुरुवात पनि हो । यो पुस्तान्तरण, परम्परागत दलीय प्रवृत्ति र कार्यशैलीकै रूपान्तरण हो। नेपाली राजनीतिमा यसको बहुआयामिक महत्त्व छ।

कांग्रेस, एमाले र नेकपामा यत्तिको उमेरमा युवा विद्यार्थीको भातृसंगठनको नेतृत्व गर्ने अवसर समेत नदिने विडम्बनापूर्ण अवस्थामा ३६ वर्षीय बालेनले देशको बागडोर सम्हालेका छन्। यो सामान्य विषय होइन, परम्परागत दलहरूलाई नेतृत्व परिवर्तन, पुस्तान्तरण र युवाहरूको नेतृत्वदायी तहमा सहभागिताका लागि नैतिक दबाब हो।

हालैको निर्वाचन परिणामले नेपाली राजनीतिको भाष्य नै बदलिदिएको छ । पुस्तान्तरण आरम्भ गर्दै अमूर्त भाषणको अन्त्य र व्यावहारिक कार्यशैलीमा कायापलट ल्याएको छ । त्यसकै एक बिम्बको रूपमा बालेनले प्रधानमन्त्रीको कार्यभार सम्हालेर उनको पृथक् कार्यशैलीले नेपाली राजनीतिको परम्परागत मूल्य मान्यताकै पुनर्परिभाषित गरेको छ।

यो किमार्थ सामान्य परिवर्तन नभएर नेपाली राजनीतिमा नयाँ संस्कारको सुरुवात हो । तथापि, सरकारको आगामी दिनमा अन्य राष्ट्रिय महत्वका दूरगामी निर्णय र प्रभाव बारे अहिल्यै आकलन गर्नु हतारो हुन्छ । त्यसबाहेक बालेन सरकारले राजनीति र शासकीय सुधारमा भने सकारात्मक थालनी

बाँकी पृष्ठ ४ ▶▶

## आजको राशिफल

**मेष** : सम्बन्ध सुदृढ बन्नेछ तथा व्यापार र व्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ।

**बृष** : नियमित खर्चसमेत बढ्ने योग छ। ताकेका काममा बाधा हुनेछ।

**मिथुन** : मातापिता र अभिभावक वर्गसँग राम्रो हुनेछ। कामबाट लाभ लिन सकिने छैन, सरकारी काममा विलम्ब हुनेछ।

**कर्कट** : समय शुभ छ। रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। सानो प्रयत्नले ठूलो काम सम्पादन हुनेछ।

**सिंह** : कामबाट लाभ हुने सम्भावना छ। लगानी गर्नु राम्रो हुन्छ।सङ्कटको सामना गर्दै उपलब्धी हासिल गर्नु पर्नेछ।

**कन्या** : समय राम्रो रहनेछ। दाम्पत्य जीवन सुखद् तथा समृद्ध बन्ने देखिन्छ।

**तुला** : नेतृत्व लिएर काम गरेको जाति हुन्छ। पराक्रम र उत्साहमा कमी आउने छ।

**वृश्चिक** : समय राम्रो छ। पढाइमा प्रगति हुनेछ। मनमा व्यवसाय वा पेसामा परिवर्तनको धारणा पलाउन सक्छ।

**धनु** : समय मध्यम खालको रहनेछ।अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइने छ।

**मकर** : साथीसंगको भेटघाट रमाइलो हुनेछ तर झगडा पनि हुन सक्छ, सतर्क हुनुहोला।

**कुम्भ** : मानसिक तनावबाट मुक्त हुन कठिन छ। इष्टमित्रबाट तिरस्कृत, अपमानित हुनुपर्ने अवस्था आइपर्न सक्छ।

**मीन** : समय र स्वास्थ्य राम्रो रहनेछ। कानुनी क्रियाकलापमा विजय प्राप्त हुनेछ। धार्मिक यात्रा फलदायी हुनेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

# मधेशका करार कर्मचारीदेखि नाम मात्रका नगरपालिकासम्मलाई सरकारको डण्डा !



**अपन दैनिक संवाददाता**
**काठमाडौं, वैशाख २३ गते**

देशका विभिन्न स्थानीय तहमा हुने गरेको चरम भ्रष्टाचार, बेथिति, विसंगति र ढिला सुस्ती अन्त्य गर्न प्रधानमन्त्री बालेन्द्र शाहले अर्को 'एक्सन' लिएका छन्।

आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गएर मनपरी गर्ने, सुशासन कायम गर्न नसक्ने र जनतालाई सास्ती दिने स्थानीय तहलाई तह लगाउन प्रधानमन्त्री बालेनको निर्देशनमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २७ बुँदे कडा निर्देशन जारी गरेको छ।

कुन प्रदेशका कुन स्थानीय तहले अब के-के कारबाही भोग्दैछन् त ? आउनुहोस्, आज यो एक्सनको भित्री कथा बुझौं।

खासमा, केही दिनअघि प्रतिनिधिसभाका सांसदहरूले प्रधानमन्त्री बालेनलाई भेटेर स्थानीय तहमा भइरहेको प्रशासनिक झमेला, भ्रष्टाचार र करारका कर्मचारीको बिगबिगीबारे नालीबेली सुनाएका थिए।

सांसदहरूकै गुनासोलाई आधार मानेर प्रधानमन्त्री कार्यालयले गत वैशाख १० गते संघीय मामिला मन्त्रालयलाई तत्काल कदम चाल्न पत्राचार गर्‍यो। त्यही पत्रको जगमा टेकेर वैशाख २१ गते मन्त्रालयले विभिन्न पालिकालाई प्रदेशगत समस्या तोकेरै सुध्रिने 'अल्टिमेटम' पठाएको हो।

तपाईंलाई सुन्दा अचम्म लाग्ला, यो २७ बुँदे निर्देशनमध्ये सबैभन्दा धेरै १६ वटा बुँदा त मधेश प्रदेशकै लागि मात्र छन्। मधेशका १३६ वटा स्थानीय तहले प्रक्रिया नै नपुर्‍याइ आफ्ना कार्यकर्ता, आसेपासे र आफन्तलाई विद्यालयदेखि कार्यालयसम्म करारमा भर्ना गरेका छन्।

सरकारले अब त्यस्ता सयौं करारका कर्मचारीलाई तत्काल हटाएर लोकसेवाबाट मात्र पदपूर्ति गर्न कडा निर्देशन दिएको छ। मधेशमा भ्रष्टाचार, सेवा प्रवाहमा ढिला सुस्ती र कर्मचारीको मनपरी बढेको निष्कर्षसहित सरकारले विभिन्न निर्देशन दिएको हो।

पर्साका स्थानीय सरकारहरू भ्रष्टाचारमा चुर्लुम्म डुबेर गाउँ-शहर गनाएको गुनासो आएपछि सरकारले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका नियमन निकायलाई विशेष निर्देशन दिई परिचालन गर्ने जनाएको छ।

साथै स्थानीय तहलाई वित्तीय अनुशासन कायम गर्न कडा निर्देशन दिइएको छ।

पर्सा जिल्लाका स्थानीय तहका विषयमा भ्रष्टाचार भन्दा पनि प्रशासनको साटो पशु, कृषि, स्वास्थ्य क्षेत्रका कर्मचारीलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएर पठाउने गरेको गुनासो रहेको सांसदहरू बताउँछन्।

पर्सा-२ बाट जितेका रास्वपाका सांसद सुशील कुमार कानू भने प्रधानमन्त्रीलाई भेट्दा स्थानीय तहमा प्रशासनको मान्छे पठाउनुपर्नेमा शिक्षा, कृषि, पशुका क्षेत्रका हाकिम पठाएको बताउँछन्।

उनका अनुसार स्थानीय तहमा प्रशासनतर्फको कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृत बनाउनुपर्ने नियम छ। तर पर्साका पालिकाहरू जस्तै: वीरगन्ज महानगरपालिकामा शिक्षाको हाकिम बनाइएको, अन्य पालिकामा पशु सेवाका कर्मचारीलाई प्रशासकीय अधिकृत बनाएर आर्थिक कारोबारको जिम्मा दिइएको छ।

यसरी जसलाई पायो त्यसलाई हाकिम बनाउँदा समस्या भएको भन्दै प्रधानमन्त्रीसँग प्रशासनतर्फकै कर्मचारीलाई मात्र प्रमुख प्रशासकीय अधिकृत बनाएर पठाइयोस् भन्ने सुझाव राखेको उनले बताए।

मधेश प्रदेशका स्थानीय तहहरूमा शिक्षा र स्वास्थ्य क्षेत्रमा अनावश्यक राखिएका करारका कर्मचारी तुरुन्त हटाउन निर्देशन दिइएको छ। र, त्यस ठाउँमा लोकसेवाबाट सिफारिस भएकालाई मात्र ऐनबमोजिम भर्ना गर्न भनिएको छ।

त्यस्तै, मधेश प्रदेशका विभिन्न स्थानीय तहमा निमित्त प्रमुख प्रशासकीय अधिकृतबाट कार्य गर्ने पद्धतिको अन्त्य गर्न निर्देशन दिइएको छ।

मधेश प्रदेशमा सामाजिक सुरक्षा भत्ता समयमा नपाउने र भत्ता लिनका लागि आफ्नो गाउँबाट टाढा बैंकमा पुगेर घन्टौं घाममा लाइन बस्नुपर्ने बाध्यता रहेको सेवाग्राहीहरूको गुनासो छ। त्यो झन्झट अन्त्य गर्न समयमै रकम माग गर्ने र बैंकमार्फत वा वडाकै समन्वयमा घरमै भत्ता पुर्‍याउने व्यवस्था मिलाउन भनिएको छ।

संघीय मामिला मन्त्रालयले मधेश प्रदेशका अन्य निर्वाचन क्षेत्रको नाम नतोकेपनि धनुषा-२ को नाम नै तोकेर निर्देशन दिएको छ।

धनुषा- २ का स्थानीय तहका कर्मचारीले साधारण काममा पनि हप्ता दिन कुराएर जनतालाई सास्ती दिएको भन्दै मन्त्रालयले कार्यसञ्चालन

बाँकी पृष्ठ ४ ▸▸

## २८ महिनादेखि अलपत्र सार्वजनिक जग्गा .............

**जोखिम बढ्दो, चासो घट्दो ?**

गोलबजारमा देखिएको यो अवस्था केवल एक स्थानीय मुद्दा मात्र नभई देशभर सार्वजनिक सम्पत्ति व्यवस्थापनमा देखिएको चुनौतीको प्रतिनिधि उदाहरणका रूपमा लिन सकिन्छ।

यदि समयमै संरक्षण र व्यवस्थापन हुन सकेन भने यस्ता जग्गा क्रमशः निजी स्वार्थमा जाने जोखिम अझ बढ्ने स्थानीयको चेतावनी छ।

स्थानीयवासीको स्पष्ट माग छ – "तोक आदेश कागजमै सीमित नरहोस्, व्यवहारमै कार्यान्वयन होस्।"


## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर :

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ ।
- दिमागमा असर पर्नसक्छ ।
- समयमा नसुत्न सक्छन् ।
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन् ।
- एकान्तमा बस्न मन पराउन सक्छन् ।
- झिज्याहट हुन सक्छ ।
- साथीहरूसँग घुलमिल नहुन सक्छन् ।
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन् ।
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं ।

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)


# सांसदहरूको अब विद्युतीय हाजिरी

## आजदेखि बायोमेट्रिक विवरण संकलन गरिने




**अपन दैनिक संवाददाता**

**काठमाडौं।** सांसदहरूको विद्युतीय हाजिरी हुने भएको छ। आजदेखि बायोमेट्रिक विवरण संकलन गरिँदैछ।

संघीय संसद सचिवालयले बुधबार सूचना निकालेर विद्युतीय हाजिरी प्रयोजनका लागि बायोमेट्रिक विवरण दिन आउन सांसदहरूलाई आग्रह गरेको छ।

बायोमेट्रिक विवरण संकलन गर्न संसदीय समितिअनुसार समय र स्थान फरक-फरक रुपमा तय गरिएको छ। जसअनुसार बायोमेट्रिक विवरण संकलन गर्दा औपचारिक तस्वीर समेत लिइने भएकोले औपचारिक पोशाकमा संघीय संसद्को लोगो लगाई उपस्थित हुन भनिएको छ।

अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिका सदस्यहरू र विकास, आर्थिक मामिला तथा सुशासन समितिका सदस्यहरूलाई आज बिहान १० बजेदेखि १२ बजेसम्म सार्वजनिक लेखा समितिको हलमा उपस्थित हुन भनिएको छ।

अर्थ समितिका सदस्यहरू र विधायन व्यवस्थापन समितिका सदस्यहरूलाई पनि आज नै अर्थ समितिको हलमा आउन भनिएको छ।

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सदस्यहरूलाई आज दिउँसो २ बजेदेखि ४ बजेसम्म सार्वजनिक लेखा समितिको हलमा आउन भनिएको छ।

कानुन, न्याय तथा मानवअधिकार समितिका सदस्यहरूलाई आज दिउँसो २ बजेदेखि ४ बजेसम्म अर्थ समितिको हलमा आउन भनिएको छ।

कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका सदस्यहरू र संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका सदस्यहरूलाई भोलि शुक्रबार बिहान १० बजेदेखि १२ बजेसम्म सार्वजनिक लेखा समितिको हलमा उपस्थित हुन भनिएको छ।

बाँकी पृष्ठ ४ ▸▸

## मन्त्रीको बार्गेनिङले मुख्यमन्त्री यादवको ५ महिनामै .............

हुन्छ। जनअपेक्षाविपरीत काम गर्न सकिँदैन।' उनले मंगलबार बिहानै संसदीय दलका नेताको हैसियतमा प्रदेश प्रमुख कार्यालयमा समर्थन यथावत् रहेको भन्दै पत्र पठाएका थिए।

मन्त्री यादवको परिपत्रको केही घण्टापछि नै जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले मंगलबार मधेश प्रदेश संसदीय दलको नेता परिवर्तन गरेका छन्। उनले महेशप्रसाद यादवलाई दलको नेताबाट हटाउँदै चन्दनकुमार सिंहलाई नयाँ संसदीय दलको नेतामा चयन गरेको विज्ञप्ति जारी गरेका छन्।

जनमतका दुईवटा पत्र प्रदेश प्रमुख कार्यालयमा पुगेपछि कुन पत्रलाई अधिकारिक मान्ने भन्ने विषयमा प्रदेश प्रमुख कार्यालयले एक दिन विज्ञप्ति होल्ड गरेका थिए। बुधबार मात्रै प्रदेश प्रमुख कार्यालयले जनमतले सरकारलाई दिएको समर्थन फिर्ता लिएको भनेर सार्वजनिक गरेको छ।

जनमत पार्टीभित्रको विवाद र समर्थन फिर्ताको घोषणाले मुख्यमन्त्री यादवलाई पुनः ३० दिनभित्र विश्वासको मत लिनुपर्ने बाध्यात्मक अवस्थामा पुर्‍याएको छ।

यसैबीच, प्रमुख प्रतिपक्ष दल नेकपा एमालेका संसदीय दलका नेता सरोजकुमार यादवले मधेश सरकारको नेतृत्व अहिलेसम्मकै कमजोर रहेको टिप्पणी गरे। सरकारसँग जनता र सांसदहरू दुवै असन्तुष्ट रहेको दाबी गर्दै उनले सरकारको कार्यशैलीमा परिवर्तन नआए आफूहरूले पनि समर्थन फिर्ता लिन सक्ने बताए।

जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिएको घोषणा गरेसँगै गठबन्धनमा आबद्ध अन्य दल पनि आन्तरिक छलफलमा जुटेका छन्। जनता समाजवादी पार्टी (जसपा) नेपालले समर्थन कायम राख्ने वा फिर्ता लिने विषयमा अहिलेसम्म निर्णय लिन सकेको छैन।

वर्तमान सरकारमा मुख्य सहयोगी दल जसपा भने अहिले सरकारको विषयमा आन्तरिक छलफलमा जुटेको छ। जसपाका एक सांसदका अनुसार सरकारलाई दिएको समर्थन फिर्ता लिने वा नलिने विषयमा अहिलेसम्म पार्टीले कुनै निर्णय लिन सकेको छैन। ती सांसदले भने, 'अहिलेसम्म सरकारको विषयमा कुनै निर्णय भएको छैन। संसदीय दलको बैठक बसेर मात्रै कुनै निर्णय हुनेछ।'

जसपाका एक अर्का सांसदका अनुसार सरकारको समर्थनको विषयमा जसपाभित्र दुई धार देखिएको छ। एउटा धार सरकारलाई दिएको समर्थन फिर्ता लिएर आफ्नै नेतृत्वमा सरकार गठन गर्नुपर्नेमा पक्षमा छ भने अर्को धार भने जनमतले समर्थन फिर्ता लिइसकेको अवस्थामा ३० दिनभित्र मुख्यमन्त्रीलाई संवैधानिक व्यवस्थाअनुसार विश्वासको मत लिनुपर्ने हुन्छ। त्यस कारण अहिले पर्ख र हेरको रणनीति लिनुपर्ने पक्षमा छ।'

जसपा संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले सरकारलाई दिएको समर्थन फिर्ता गर्नुपर्ने समूहको नेतृत्वको गरिरहेका छन् भने तत्कालीन लोसपाका सांसद तथा पूर्वमन्त्री जितेन्द्र सोनलसहितको समूह समर्थन फिर्ता लिनुभन्दा पहिला प्रदेशस्तरमा पनि दुई पार्टी एक हुनुपर्ने र एकीकरणपश्चात् दलका नेता चुनिएपछि मात्रै सरकारको विषयमा कुनै निर्णय गर्नुपर्ने पक्षमा देखिएको जसपाका एक नेताले बताए।

जसपा नेपाल र तत्कालीन लोकतान्त्रिक पार्टी (लोसपा) बीच प्रतिनिधिसभाको चुनावअघि नै एकीकरण भइसकेको छ। तर, निर्वाचन आयोगले दल एकीकरणको पत्र नदिँदा अहिलेसम्म प्रदेशमा दुई पार्टीको एकीकरण हुन सकेको छैन।

**चन्दनलाई मन्त्री नबनाउँदा समर्थन फिर्ता लिएको काग्रेसको दाबी**

जनमतले समर्थन फिर्ता लिए पनि सरकार सुरक्षित रहेको प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्याम पटेलले दाबी गरेका छन्। पार्टीभित्रको आन्तरिक विवादका कारण जनमतले समर्थन फिर्ता लिएको उनले दाबी गरे।

मन्त्री पटेलका अनुसार चन्दन सिंहले आफ्नै पार्टीका खेलकुद तथा समाज कल्याणमन्त्री वसन्त कुशवाहालाई हटाएर आफूलाई मन्त्री बनाउन मुख्यमन्त्रीलाई पटकपटक दबाब दिएका थिए। तर, मुख्यमन्त्री यादवले मन्त्री कसलाई बनाउने भन्ने विषय पार्टीको तजबिजको कुरा भएकाले आफूले त्यसमा केही गर्न नसक्ने भन्दै जवाफ फर्काएका थिए।

मन्त्री पटेलले योजनाहरूमा कडाइ गरेकाले पनि कतिपय सांसद असन्तुष्ट भएको दाबी गरे। उनले भने, 'विगतमा आर्थिक वर्षको अन्त्यतिर सबै योजनाहरूको खरिदबिक्री हुन्थ्यो। तर, यस वर्ष मुख्यमन्त्रीले कडाइ गरेका छन्। सबै विकास निर्माणका योजनाहरूको कार्यान्वयन वडा कार्यालयहरूबाट भइरहेको छ। यस्तो अवस्थामा कतिपय सांसद असन्तुष्ट देखिएका छन्।'

**यस्तो छ प्रदेशको अंक गणित**

वर्तमान सरकारमा नेपाली कांग्रेससँगै जसपा, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी सहभागी छन्। पछिल्लो राजनीतिक एकीकरणपछि जसपा र लोसपा मिलेर बनेको जसपा प्रदेशसभाको सबैभन्दा ठूलो दल (२६ सांसद) बनेको छ।

एमाले २४, कांग्रेस २२, नेकपा (माओवादी केन्द्र र एकीकृत समाजवादी) १४, जनमत १२ लगायत दलहरूको उपस्थिति छ। मधेश प्रदेशसभामा कुल १०७ सदस्य रहे पनि विभिन्न कारणले हाल १०० सांसद मात्र सक्रिय छन्। सभामुखबाहेक सरकार गठनका लागि कम्तीमा ५४ सांसद आवश्यक पर्छ।

**प्रदेशलाई अस्थिर बनाइराख्ने जनमत**

आफैँले जोडबल गरेर नेपाली कांग्रेसको नेतृत्वमा बनाएको मधेश प्रदेश सरकारबाट जनमतले एकाएक समर्थन फिर्ता लिएपछि राजनीतिक वृत्तमा चर्चाको विषय बनेको छ। जेन-जी आन्दोलनपश्चात् आफ्नै पार्टीका सांसद सतीशकुमार सिंह नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएर जनमतले प्रदेश सरकारलाई अस्थिर बनाएको थियो।

त्यसपछि कांग्रेस र एमालेसँग मिलेर सरकार बनाउने योजना जनमतले बनायो। तर, अन्त्यमा तत्कालीन लोसपाका जितेन्द्र सोनललाई समर्थन गरेपछि उनको नेतृत्वमा सरकार बन्न पुग्यो। सोनलले संसदमा विश्वासको मत पुर्‍याउन नसक्दा तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले प्रदेशका राजनीतिक दलहरूबीचको खिचातानी देखेर संसदको सबैभन्दा ठूलो दलको हैसियतमा नेकपा एमालेका संसदीय दलका नेता सरोज यादवलाई संविधानको धारा १६८ को उपधारा ३ बमोजिम रातारात मुख्यमन्त्रीमा नियुक्ति र शपथ गराएर भागिन्।

उक्त नियुक्तिको विषयलाई लिएर दलहरूबाट विरोध र आन्दोलन भयो। अनि सात दल मिलेर एमाले नेतृत्वको सरकार ढालेर कांग्रेस नेतृत्वको सरकार गठन गरे। सतीश सिंह नेतृत्वको सरकार ढाल्न तत्कालीन संसदीय दलका नेता तथा अहिलेका अर्थमन्त्री महेशप्रसाद यादवले जोडबल गरेका थिए। तर, आज उनी आफ्नै सरकारमा हुँदा विगतजस्तै आफ्नै पार्टीका सांसदले समर्थन फिर्ता लिएर बदला लिएका छन्।

# धनुषामा ७ वर्षीया बालिकाको बलात्कारमा जिल्ला अदालतले सुनायो जन्मकैदको फैसला



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, वैशाख २३ गते**

धनुषामा ७ वर्षीया बालिकाको जबरजस्ती करणी गरेको घटनामा जिल्ला अदालतले जन्मकैदको फैसला सुनाएको छ।

गत बिहीबार धनुषा जिल्ला अदालतका न्यायाधीश कपिलमणि गौतमको इजलासले जबरजस्ती करणी मुद्दामा मिथिला बिहारी नगरपालिका १० ठेरा रामनगरका १९ वर्षीय पप्पु मण्डललाई जन्म कैदको फैसला सुनाएको छ।

न्यायाधीश गौतमले २०७८ फागुन २८ गते भएको जबरजस्ती करणीको घटनामा ७ वर्षीया बालिकाको जबरजस्ती करणी भएको ठहर गर्दै जन्मकैद र ३ लाख पीडितलाई दिनुपर्ने फैसला सुनाएको हो।

मंगलबार प्रमाणीकरण भएको फैसलामा प्रतिवादी मण्डलले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(१)(२) को कसुर गरेको ठहर गर्दै सो कसुरमा उक्त संहिताको दफा २१९ को ३(क) अनुसार पीडिता १० वर्षभन्दा कम उमेरकी रहेकाले जन्मकैदको फैसला सुनाइएको उल्लेख छ।

मण्डलले भोज खाएर आउँदै गरेकी बालिकालाई घर पुर्याइदिन्छु भनी साइकलमा बसाएर घरमा पुर्याउनुको साटो गाउँ बाहिर खेतमा लगेर जबरजस्ती करणी गरेका थिए।

पीडितको बकपत्र, प्रत्यक्षदर्शीको बकपत्र, घटना क्रम, घटना क्रम स्वीकारको प्रतिवादीको अदालतको बयान, जवजस्ती करणी मुद्दाको मूल भैतिक प्रमाण पीडितको शरीर परीक्षण गर्दा देखाएका उपरोक्त तथ्य र चिकित्कको बकपत्रबाट बालिकाको जबरजस्ती करणी भएको दावी प्रमाणित भएको हो।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

अपन दैनिक

# १५ दिनदेखि गृह मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्रीकै मातहतमा, गुरुङबारे छानबिन भएन

**अपन दैनिक संवाददाता**
**काठमाडौं, वैशाख २३ गते**

गृहमन्त्री सुधन गुरुङले राजीनामा दिएको १५ दिन बितिसक्दा पनि नयाँ नियुक्ति प्रक्रिया अगाडि बढेको छैन। बिचौलिया दीपक भट्टसँग सेयर लगानी लगायतका विषयमा चौतर्फी प्रश्न उठेपछि गुरुङले वैशाख ९ गते पदबाट राजीनामा दिएका थिए, तर उनीमाथि लागेका आरोपबारे छानबिन गर्न सरकार र उनको पार्टी रास्वपाले कुनै अग्रसरता देखाएको छैन।

वैशाख २० गते बसेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सचिवालय बैठकमा पनि यस विषयमा कुनै छलफल नभएको प्रवक्ता मनिष झाले जिकिर गरे। वैशाख २८ गते संसद् बैठक आह्वान भएकाले छानबिन समिति गठनबारे छलफल हुन सक्ने झाको भनाइ छ।

'छानबिन समिति बनाउने विषयमा पार्टीभित्र छलफल भएको छैन। अनुशासन समितिले पनि प्रक्रिया अगाडि बढाएको छैन। वैशाख २८ गते संसद् बैठक आह्वान भएकाले त्यहाँ नै छलफल होला', झाले भने।

यसअघि रास्वपा अनुशासन आयोगका कार्यवाहक प्रमुख रमाकान्त रिमालले गुरुङको सम्बन्धमा छानबिन प्रक्रिया अगाडि नबढेको बताएका थिए। गुरुङले राजीनामा नदिँदै वैशाख ७ गते केन्द्रीय समितिको बैठकको निर्णय कुरेर बसेको आयोगले स्पष्ट जबाफ नआएपछि छानबिन प्रक्रिया अगाडि बढ्न सकेको थिएन।

गुरुङले राजीनामा दिएपछि गृह मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्री बालेन्द्र (बालेन) शाह आफैंले राखेका छन्।

स्रोतका अनुसार गृह मन्त्रालयको जिम्मेवारीमा पार्टी सभापति रवि लामिछानेले आफ्नो निकटकालाई पठाउन चाहेका छन्। गुरुङले राजीनामा दिएकै बेला गृहमन्त्री बन्नका लागि महामन्त्री कवीन्द्र बुर्लाकोटी, प्रवक्ता मनिष झा, सचिवालय सदस्य दीपक बोहराले दाबी गरेका थिए। तर प्रधानमन्त्री शाह गृह मन्त्रालयको जिम्मेवारी अरुलाई दिन सकारात्मक देखिएका छैनन्। गुरुङमाथि लागेको आरोपमाथि छानबिन भई सफाइ पाएर फर्किने सम्भावना बलियो बन्दै गएको स्रोतको दाबी छ।

'गृहमन्त्रीमा सुधनजी नै फर्किने सम्भावना देखिन्छ। उहाँले रवि र बालेनको मिलन आफूले नै गराएको दाबी गर्दै आउनु भएको छ,' स्रोतले भन्यो।




रविले आफू निकटकालाई गृहमन्त्री बनाउन चाहे पनि यस विषयमा प्रधानमन्त्रीसँग खुलेर कुरा गर्न नसकेको स्रोतको भनाइ छ। 'यतिसम्म कि बालेन र रविलाई दबाबमा राख्न सुधन गुरुङले आफ्ना समर्थकलाई सडकमा समेत उतार्नुभएको छ। जनतासँग प्रत्यक्ष जोडिएको मन्त्रालय प्रधानमन्त्रीले लामो समय होल्ड गर्दा चित्त बुझेको छैन। तर खुलेर भन्न सक्ने अवस्था पनि देखिँदैन, सबै थर्कमान छन्,' रास्वपा स्रोतले भन्यो।

गुरुङका समर्थकले राजीनामा फिर्ता गराउन सडक प्रदर्शन गरेका छन्। अहिले पनि गुरुङकै सचिवालयले गृह मन्त्रालयको काममा भूमिका बढाइरहेकाले गृह मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्रीले दोस्रो पक्षलाई छोड्न नचाहेको प्रस्ट देखिन्छ। गृह मन्त्रालयको जिम्मेवारी दिने विषयमा प्रधानमन्त्री बालेन र सभापति रविबिच पहिले पनि मतभेद देखिएको थियो। रविले आफू निकट उपसभापति डोलप्रसाद अर्याललाई गृहमन्त्री बनाउन जोडबल गरेका थिए। बालेनले आफू निकट सुनिल लम्साललाई मन्त्री बनाउन निकै बल गरेका थिए। तर रवि र बालेनबिच मत नमिल्दा अन्तिममा गुरुङलाई गृहमन्त्री बनाइएको थियो।

अहिले पनि गृह मन्त्रालयको काममा गुरुङ मन्त्री हुँदा स्वकीय सचिव रहेका जेम्स कार्कीले भौतिक पूर्वाधारमन्त्री सुनिल लम्सालमार्फत प्रधानमन्त्री बालेनलाई सघाइरहेका छन्। गृहमन्त्रीको जिम्मेवारी प्रधानमन्त्रीले लिए पनि गृह मन्त्रालयमा मन्त्री लम्सालमार्फत सबै काम भइरहेको बुझिएको छ।

राजीनामा दिएको घोषणा गर्दै गर्दा पनि गुरुङले आफूमाथि लागेको आरोप अस्विकार गरेका थिए। गुरुङले पदमा रहँदा स्वार्थको द्वन्द्व नहोस् भनेर नै नैतिकताको आधारमा राजीनामा दिएको घोषणा गरेका थिए।

'मसँग सम्बन्धित विषयमा निष्पक्ष छानबिन होस् र पदमा रहँदा स्वार्थको द्वन्द्व नदेखियोस् र त्यसमा कुनै असर नपरोस् भन्ने उद्देश्यले मैले आजकै मितिदेखि लागू हुने गरी गृहमन्त्री पदबाट राजीनामा दिएको छु', उनले भनेका थिए।

गत वर्ष भदौमा भएको जेनजी आन्दोलनको क्रममा पानी बाँढ्न सडकमा निस्किएका गुरुङ एकाएक जेनजी अगुवाको रूपमा उदाएका थिए। सुरुमा निर्वाचनको विरोध गरेका उनले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई तत्काल पक्राउ गर्न अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्की र गृहमन्त्री ओमप्रकाश अर्याललाई बारम्बार दबाब दिएका थिए।

पुस १३ गते बालेन र रविबिच ७ बुँदे सहमति भएपछि गुरुङ रास्वपामा प्रवेश गरेका थिए। गोरखा-१ मा राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपा(रास्वपा)बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएका गुरुङ चैत १३ गते गृहमन्त्री बनेका थिए। गृहमन्त्री बने लगत्तै पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्न लगाएर उनले चर्चा कमाएका थिए। चैत १५ गते विवादित पृष्ठभूमिका व्यापारी दिपक भट्ट पक्राउ परे। तर सम्पत्ति शुद्धीकरणको अनुसन्धानका क्रममा प्रहरी हिरासतमा रहेका भट्टसँग कनेक्सन भेटिएको समाचार बाहिरिएपछि गुरुङमाथि नैतिक प्रश्न उठेको थियो।

## सांसदहरूको अब विद्युतीय .............

पूर्वाधार विकास समितिका सदस्यहरू र सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सदस्यहरूलाई बिहान १० बजेदेखि १२ बजेसम्म अर्थ समितिको हलमा उपस्थित हुन भनिएको छ।

महिला तथा सामाजिक मामिला समितिका सदस्यहरूलाई भोलि दिउँसो २ बजेदेखि ४ बजेसम्म सार्वजनिक लेखा समितिको हलमा आउन भनिएको छ।

राज्य व्यवस्था तथा सुशासन समितिका सदस्यहरूलाई भोलि दिउँसो २ बजेदेखि ४ बजेसम्म अर्थ समितिको हलमा आउन भनिएको छ।

सार्वजनिक लेखा समितिका सदस्यहरूको बायोमेट्रिक विवरण लेखा समितिकै हलमा वैशाख २८ गते बिहान १० बजेदेखि १२ बजेसम्म संकलन गरिनेछ।

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सदस्यहरूको बायोमेट्रिक विवरण अर्थ समितिको हलमा वैशाख २८ गते बिहान १० बजेदेखि १२ बजेसम्म संकलन गरिनेछ।

## बालेनको मौन सक्रियताः परम्परागत .............

गर्दै परम्परागत दलहरूलाई रूपान्तरण र पुस्तान्तरणबारे दिएको सन्देश शिक्षाप्रद छ। यसबाट सबक सिक्दै परिष्कृत भएर अघि बढ्ने या विरोधका निम्ति विरोध गरेर थप राजनीतिक क्षति निम्त्याउने त्यो भने, परम्परागत दलहरूकै विवेकमा निर्भर गर्दछ।

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

**सिधा सम्पर्क**
**०३३-५२१२१४**

## शुल्क नबुझाई वर्षौंदेखि प्रयोगमा रहेका सरकारी .............

'२०७३/०२/३१ र २०७४/०१/२१ मा तत्कालीन भूमि सुधार तथा व्यवस्थापन विभागले सूचना प्रकाशित गरेको थियो। तर, तोकिएको म्यादभित्र लिजमा परिणत गर्न निवेदन नदिएका व्यक्ति, संस्था तथा निकायहरूको हकमा भोगाधिकार कानुनतः स्वतः समाप्त भइसकेको छ,' मन्त्रालयको सूचनामा भनिएको छ।

मन्त्रालयले सम्झौताबमोजिम तिर्न बाँकी रकम भए सरकारी कोषमा दाखिला गरी त्यस्ता जग्गा तथा त्यसमा निर्माण गरिएका संरचनासमेत यथाशीघ्र खाली गर्न सम्बन्धित सबैलाई सूचित गरेको छ।

## हुलाकी सडकमा पर्ने कमला नदीमा सर्वसाधारणलाई ...............

थियो। बाढीको पानी केही कम भएसँगै मंगलबार बिहानदेखि करिब एक फिट पानीमा हेलिएर सर्वसाधारण र हलुका सवारीसाधन वारपार भएका थिए। तर, दिउँसो पुनः बालुवा भरेर आवागमन केही सहज बनाइएको निर्माण कम्पनीले जनाएको छ।



पुल निर्माणको अन्तिम चरणको काम चलिरहेका वेला १७ असार ०७८ आएको बाढीले पुलको सिरहातर्फ दुईवटा जग भासिएर चारवटा स्ल्याबमा क्षति पुगेपछि थप पायर धसाएर फलामको बिम हालिएको छ भने धनुषातर्फ धसेको पायर उकास्ने काम भइरहेको निर्माण कम्पनी लुम्बिनी बिल्डर्सका साइट इन्जिनियर सूर्यप्रकाश शर्माले बताए।

कमला पुलको पुनर्निर्माण सम्पन्न नहुँदा धनुषातर्फका सघारा, सराबे, माचीझिटकैया, टडिया, लक्कड, बडेर्वा, लगमा, पतनुका, बनरझुला, फूलबरिया तथा सिरहा नगरपालिकातर्फ बसबिट्टा, बडेर्वा, मानपुर, खरसलवाका बासिन्दालाई वस्तुभाउ चराउन, घाँसपात गर्न, दैनिक किनमेल, हाटबजारका लागि आवतजावत गर्न कठिनाइ झेलिरहेका छन्।

## मधेशका करार कर्मचारीदेखि नाम मात्रका ...............

कार्यविधि बनाएर लागू गर्न र आचारसंहिता नमान्नेलाई कारबाही गर्न निर्देशन दिएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) बाट निर्वाचित सांसद रामविनोद यादवले त्यस विषयमा प्रधानमन्त्री बालेन र संघीय मामिला मन्त्री प्रतिभा रावलसँग भेटेरै गुनासो राखेका थिए।

पहुँच र शक्तिको भरमा कर्मचारीको सरुवा हुने कुनै प्रशासकीय अधिकृतले मेयर (नगर प्रमुख)ले भनेको मानेन भने दुई महिनामै सरुवा हुने, मेयरले भनेअनुसार काम गर्ने हो भने त्यहाँ विभिन्न बेथिति र अनियमितता हुने गरेको यादवले प्रधानमन्त्री समक्ष गुनासो गरेका थिए।

त्यसैगरी उनले संघीय मामिला मन्त्रीसमक्ष पनि कमला नगरपालिकामा आन्तरिक विवादका कारण झण्डै एक वर्षसम्म नगरसभा नहुँदा त्यहाँका शिक्षक र कर्मचारीले तलब नै नपाएको गुनासो गरेका थिए।

त्यसैगरी मधेश प्रदेशका अन्य स्थानीय तहको हकमा तोकिएको समयमै अनिवार्य गाउँसभा र नगरसभा गर्न निर्देशन दिइएको छ। सबै स्थानीय तहमा तत्काल उजुरी पेटिका राख्नुपर्ने, एकद्वार सेवा प्रणाली लागू गर्नुपर्ने र विकास आयोजनाको नियमित अनुगमन गर्नुपर्ने मन्त्रालयको निर्देशन छ।

उता गण्डकी प्रदेशमा पनि बेथिति कम छैन।

त्यहाँ विकास निर्माणका उपभोक्ता समितिमा चरम राजनीतिकरण र अनियमितता भएको भन्दै अब 'सामाजिक परीक्षण' अनिवार्य गर्न भनिएको छ। विकास निर्माणमा गठन हुने उपभोक्ता समितिमा दलगत पक्षपात भएको र अनियमितता बढेको त्यस प्रदेशका सांसदहरूले प्रधानमन्त्री समक्ष गुनासो गरेका थिए।

कार्यालय समयमा नआउने, काम नगर्ने र पार्टीको झोला बोक्ने कामचोर कर्मचारीलाई अब कडा अनुगमन गरी कारबाही गर्न संघीय मामिला मन्त्रालयले निर्देशन दिएको छ।

मनपरी भर्ना रोक्न संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट दरबन्दी यकिन गरेर मात्र ऐनबमोजिम कर्मचारी राख्न र योजना छनोटमा जवाफदेही हुन 'प्रोजेक्ट बैंक' बनाएर काम गर्न भनिएको छ।

राजधानी काठमाडौंसँगै जोडिएको बागमती प्रदेशको धादिङ जिल्ला सुशासनको सूचकांकमा ५३ औं स्थानमा परेपछि मन्त्रालयले त्यसलाई 'लज्जास्पद' भनेको छ। त्यहाँको कुशासन अन्त्य गर्न सूक्ष्म अध्ययन गरी एक्सन लिइँदैछ।

साथै, नागरिकले झोलाभरि कागजपत्र बोक्ने झन्झट हटाउन 'राष्ट्रिय परिचयपत्र'लाई सबै सेवा प्रवाहसँग जोड्ने 'जोइन्ट मेकानिज्म' बनाउन पनि सरकारले निर्देशन दिएको छ।

अब कुरा गरौं सुदूरपश्चिमको। त्यहाँ न्यूनतम् मापदण्डसमेत पूरा नभएका 'नाम मात्रका' नगरपालिकाहरूको हैसियत घटुवा गर्न मन्त्रालयले प्रक्रिया अघि बढाउने चेतावनी दिएको छ। महाकालीपारिको चाँदनी दोधारामा अझै पनि भारतीय पैसा चल्ने र विकास नभएको भन्दै विशेष आयोजना माग गर्न सुझाइएको छ।

कर्णाली प्रदेशका दुर्गम गाउँमा बत्ती बाल्न वैकल्पिक ऊर्जा 'मिनी ग्रिड'को व्यवस्था गर्न र हुम्लाको चङ्खेलीमा नापी तथा मालपोत कार्यालय राख्न प्रक्रिया अघि बढाइएको छ।

यस्तै, कोशी प्रदेशमा संघीय र प्रदेश ऐनबीच तालमेल मिलाएर कर्मचारी व्यवस्थापन गर्न निर्देशन दिइएको छ।

कोशी प्रदेशमा कर्मचारीतन्त्रको व्यवस्थापनका लागि संघीय निजामती सेवा ऐन जारी भएपछि सोहीबमोजिम प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐनबीच सामञ्जस्यता कायम गर्न मन्त्रालयले निर्देशन दिएको छ।

समग्रमा भन्नुपर्दा, देश बनाउने हो भने जगैदेखि सुधार्नुपर्छ। स्थानीय तह सुध्रिए मात्रै देशको मुहार फेरिन्छ।

वर्षौंदेखि गाउँपालिकामा जरा गाडेर बसेको भ्रष्टाचार र भाइ-भतिजावादलाई उखेल्न प्रधानमन्त्री बालेनले चलाएको यो २७ बुँदे 'ब्रह्मास्त्र' अब कत्तिको धारिलो सावित हुन्छ, त्यो भने हेर्न बाँकी नै छ। तर एउटा कुरा पक्का हो- अब स्थानीय तहमा मनपरी गर्नेहरूको दिनगन्ती शुरू भएको छ।